# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६        संख्याः १    मितिः २०७९/१२/१६

## भाग-२

## सुर्यगढी गाउँपालिका

सुर्यगढी गाउँपालिका बालिका प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७९ सम्बन्धमा सुर्यगढी गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१२/१५**

**सम्बत २०७९ सालको कार्यविधि नं. : ०९**

# <u>सुर्यगढी गाउँपालिका बालिका प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०७९</u>

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१२/१५

हाम्रो समाजमा विद्यामान छोराछोरीबिचको विभेद अन्त्य गर्ने उद्देश्यका लागी सुर्यगढी गाउँपालिका भित्र जन्मेका बालबालिकाहरुको लागी विशेष सम्मान तथा प्रोत्साहन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा ४ को खण्ड च(२) ले दिएको अधिकार प्रयोग गरी सुर्यगढी गाउँकार्यपालिकाले यो कार्यविधी बनाई जारी गरको छ ।

**परिच्छेद १**

**प्रारम्भिक**

**१. संक्षित नाम र प्रारम्भः**

यो कार्यविधिको नाम सुर्यगढी गाउँपालिका बालिका प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधी २०७९ रहेको छ ।

**२. परिभाषाः**

क) बालिकाः बालिकमा भन्नाले यस गाउँपालिका भित्र हाल सम्म जन्मिएका तथा अब जन्मने नवजात महिला शिशुदेखि आठ बर्ष पुरा नभएका बालिकाहरुलाई सम्झानु पर्दछ ।

ख) प्रोत्साहन भत्ताः प्रोत्साहन भत्ता भन्नाले यो कार्यविधि अनुसार यसै गाउँपालिका भित्र स्थायी बसोबास गर्ने अभिभावकबाट जन्मिएको महिला शिशुहरुलाई प्रदान गरिने रकम सम्झानुपर्दछ ।

**परिच्छेद २**

**खर्च गर्ने मापदण्ड**

**३. मापदण्डः** सुर्यगढी गाउँपालिकाले बालिका प्रोत्साहन भत्ता वितरण गर्ने मापदण्ड देहाय बमोजिम रहनेछ;

क) सुर्यगढी गाउँपालिका भित्र बसोबास गर्दै आएको हुनुपर्नेछ ।

ख) बालिका प्रोत्साहन भत्ता मसिक रु. १०० (एक सय) को दरले अर्धबार्षिक रुपमा बैक खातामा एक मुष्ट उपलब्ध गराइनेछ ।

ग) यस गाउँपालिकामा जन्म भई अनिवार्य जन्म दर्ताको प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

घ) बावु आमाको नागरिता र विवाह दर्ता प्रमाणप्रत्र अनिवार्य रुपमा हुनुपर्नेछ ।

ङ) नेपाल सरकारबाट प्रदान गरिएको कुनै किसिमको सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेका यसै उमेर समुहका बालिकाहरु हुनुपर्नेछ ।

४. **कार्यविधिको व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकारः** बालिका प्रोत्साहन भत्ता वितरण गर्ने सिलसिलामा कुनै दुविधा हुन गएमा सो को व्याख्या वा वाधा अडकाउ फुकाउने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**५. संसोधन वा खारेजी र बचाउः** सुर्यगढी गाउँकार्यपालिकाले यस कार्यविधिलाई संशोधन वा खारेजी गर्न सक्नेछ र यो कार्यविधि प्रचलित नेपाल कानुन सँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ र नेपाल कानुनमा लेखिएका कुराहरु मान्य हुनेछ।

६. **कार्यविधि बमोजिम हुनेः** बालिका प्रोत्साहन भत्ता वितरण सम्बन्धि मापदण्ड यसै कार्यविधि बमोजिम हुनेछ र यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलन्ब गर्दा प्रचलित नेपालको कानुनमा भएका प्रक्रियाहरु बमोजिम गर्न कुनै बाधा पर्ने छैन ।

आज्ञाले
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत